# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, असोज ७ गते २०४८ साल (अतिरिक्ताङ्क ३७

## भाग ३

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

नेपाल संसद सेवा (गठन, श्रेणी विभाजन, नियुक्ति र बढुवा)

नियमावली, २०४८

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ३ र ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "नेपाल संसद सेवा (गठन, श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली, २०४८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा "सेवा" भन्नाले नेपाल संसद सेवा सम्झनु पर्छ ।

३. सेवाको गठनः यस नियमावली बमोजिम नेपाल संसद सेवाको गठन गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. सेवाको श्रेणी: (१) सेवामा देहायका राजपत्राङ्कित श्रेणीहरू रहनेछन्ः–

(क) प्रथम श्रेणी

(ख) द्वितीय श्रेणी

(ग) तृतीय श्रेणी

(२) सेवामा देहायका राजपत्र अनंकित श्रेणीहरू रहनेछन्ः–

(क) प्रथम श्रेणी

(ख) द्वितीय श्रेणी

(ग) तृतीय श्रेणी

५. सेवाको तह र पदः (१) सेवाको राजपत्राङ्कित प्रथम श्रेणी, द्वितीय श्रेणी र तृतीय श्रेणीमा देहायका तहहरू रहनेछन्ः–

(क) प्रथम श्रेणी

(१) अतिरिक्त सचिव वा सो सरह

(२) सह-सचिव वा सो सरह

(ख) द्वितीय श्रेणी

(१) उपसचिव वा सो सरह

(२) सहायकसचिव वा सो सरह

(ग) तृतीय श्रेणी

शाखा अधिकृत वा सो सरह

(२) सेवाको राजपत्र अनंकित प्रथम श्रेणी, द्वितीय श्रेणी र तृतीय श्रेणीमा देहायका तहहरू रहनेछन्ः–

(क) प्रथम श्रेणी

नायब सुब्बा वा सो सरह

(ख) द्वितीय श्रेणी

खरिदार वा सो सरह

(ग) तृतीय श्रेणी

मुखिया वा सो सरह



६४४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) सेवाको विभिन्न श्रेणीमा रहने पदनामहरू अनुसूची–१ मा उल्लेख भए बमोजिम हुनेछन् ।

६. नियुक्तिः सेवाको राजपत्राङ्कित तृतीय श्रेणीको रिक्त पद मध्ये ७५ प्रतिशत पदमा खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिनेछ र बाँकी २५ प्रतिशत रिक्त पदमा राजपत्र अनंकित प्रथम श्रेणीका कर्मचारीहरू मध्येबाट बढुवाद्वारा पूर्ति गरिने छ ।

७. योग्यताः सेवाको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा नयाँ नियुक्ति हुनको लागि निजामती सेवा नियमावली, २०२१ को नियम २.२ अनुसारको अयोग्यता नभएको तथा कुनै स्वीकृत विश्वविद्यालयको स्नातक वा सो सरहको शैक्षिक योग्यता भएको हुनु पर्नेछ ।

८. बढुवाः सेवाको तृतीय श्रेणी भन्दा माथिको श्रेणीको पदमा बढुवाद्वारा पूर्ति गरिनेछ ।

९. न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो उपाधि सम्बन्धी व्यवस्थाः निजामती सेवा नियमावली, २०२१ को नियम ३.५ को उपनियम (६) को खण्ड (ख) को उपखण्ड (ख) को प्रयोजनको लागि सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यता भन्दा माथिको सम्बन्धित उपाधि अनुसूची–२ मा उल्लेख भए बमोजिमको स्नातकोत्तर उपाधिलाई लिइनेछ ।

१०. अनुसूचीमा हेरफेर गर्न सकिनेः श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीहरूमा हेरफेर गर्न सक्नेछ ।

११. खारेजी र बचाउः (१) देहायका नियमहरू खारेज गरिएका छन्:–

(क) राष्ट्रिय पञ्चायत सेवा (गठन) नियमहरू, २०२२,

(ख) राष्ट्रिय पञ्चायत राजपत्र अनंकित सेवा (गठन) नियमहरू, २०२२ र

(ग) राष्ट्रिय पञ्चायत सेवा (श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०४३ ।

(२) यस नियमावलीमा लेखिएजतिमा यसै नियमावली बमोजिम र अरूमा निजामती सेवा ऐन, २०१३ तथा निजामती सेवा नियमावली, २०२१ बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–१
(नियम ५ को उपनियम (३) सँग सम्बन्धित)

### पदनामहरू

(अ) राजपत्राङ्कित श्रेणी

१. राजपत्राङ्कित प्रथम श्रेणी:

(क) अतिरिक्त सचिव वा सो सरहका पदनामहरू:–

(१) अतिरिक्त सचिव

(२) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समय-समयमा तोकेका अन्य पदनामहरू ।

(ख) सह-सचिव वा सो सरहका पदनामहरू:–

(१) सह-सचिव

(२) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समय-समयमा तोकेका अन्य पदनामहरू ।

२. राजपत्राङ्कित द्वितीय श्रेणी:

(क) उपसचिव वा सो सरहका पदनामहरू:–

(१) उपसचिव

(२) सम्पादकीय अधिकृत

(३) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समय-समयमा तोकेका अन्य पदनामहरू ।

(ख) सहायकसचिव वा सो सरहका पदनामहरू:–

(१) सहायकसचिव

(२) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समय-समयमा तोकेका अन्य पदनामहरू ।

३. राजपत्राङ्कित तृतीय श्रेणीका पदनामहरू:

(१) शाखा अधिकृत

(२) रिपोर्टर

(३) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समय-समयमा तोकेका अन्य पदनामहरू ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२८४२०
मुद्रण विभाग, सिंहदरबार

(आ) राजपत्र अनंकित श्रेणी

(क) राजपत्र अनंकित प्रथम श्रेणी:

(१) नायब सुब्बा
(२) नायब सुब्बा टाईपिष्ट ।

(ख) राजपत्र अनंकित द्वितीय श्रेणी:

(१) खरिदार
(२) खरिदार टाईपिष्ट ।

(ग) राजपत्र अनंकित तृतीय श्रेणी:

(१) मुखिया
(२) मुखिया टाईपिष्ट ।

अनुसूची – २
(नियम ६ सँग सम्बन्धित)
स्नातकोत्तर उपाधि

१. अर्थशास्त्र
२. वाणिज्य शास्त्र
३. राजनीति शास्त्र
४. समाज शास्त्र
५. इतिहास
६. भूगोल
७. विज्ञान
८. गणित
९. नेपाली साहित्य
१०. अंग्रेजी साहित्य
११. संस्कृत
१२. शिक्षा शास्त्र
१३. संचार वा पत्रकारिता
१४. कानून
१५. डिप्लोमेसी
१६. जन प्रशासन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६४८

१७. व्यापार प्रशासन
१८. विकास प्रशासन
१९. इण्टरनेशनल रिलेशन वा अफेयर्स
२०. संस्कृति
२१· व्यवस्थापन
२२. सामुदायिक विकास
२३. पुरातत्त्व
२४. ग्रामीण विकास
२५. एन्थ्रोपोलोजी
२६. दर्शन शास्त्र
२७. मनोविज्ञान
२८. पार्लियामेण्टरी अफेयर्स

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६४८